नेपाली जनसम्पर्क समिति, अमेरिका
Nepali Public Relations Committee, America
4826 64TH Street 2C Woodside NY 11377, www.nprccusa.org

मितिः जुन ११,२०२१

आदरणीय नेपाली जनसम्पर्क समिति अमेरिकाका
आम दाजुभाई तथा दिदीबहिनीहरु
जय नेपाल।

नेपाली जनसम्पर्क समिति,अमेरिका यतिखेर समितिको आगामी अधिवेशन र मातृपार्टी नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण एवं वितरणको पूर्व तयारीमा छ। पार्टी सभापति आदरणीय शेरबहादुर देउवाज्यूले यही जेष्ठ २६,२०७८ का मितिमा विज्ञप्ति मार्फत आगामी भाद्र महिनाभित्र पार्टीको महाधिवेशन हुने प्रष्ट बताई सक्नु भएको छ। सभापति देउवाले आफ्नो वक्तब्यमार्फत नेपाली जनसम्पर्क समितिहरुलाई पनि अधिवेशन सम्पन्न गर्न दत्तचित्त भएर लाग्न निर्देशन दिनु भएको छ। तसर्थ हामी अमेरिकामा रहेका नेपाली जनसम्पर्क समितिका केन्द्रीय नेतृत्व,च्याप्टर नेतृत्व, सबै सदस्य एवं शुभेच्छुकहरुलाई यसै अपील मार्फत अधिवेशन प्रक्रियामा अग्रसर हुन आव्हान गर्दछौं।

हामी श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाले भन्नुभए जस्तै सहमति,सहकार्य र एकता कायम गर्दै सांगठनिक हितका लागि सबै साथीहरुसंग हातेमालो गर्न तयार छौं। तसर्थ विविध कारणवश समितिको मूल प्रक्रियाभन्दा बाहिर रहनु भएका साथीहरुलाई सबैखाले मतमतान्तर, वैमनस्यता,आपसी बेमेल र मतभेदलाई बिर्सेर संगठनको बृहत्तर हितका लागि आसन्न अधिवेशन प्रक्रियामा सक्रियतापूर्वक सहभागी हुन म यसै विज्ञप्तिमार्फत अपील गर्दछु । अधिवेशन मार्फत नै सबै समस्याको समाधान खोजौं ।

आउनुहोस्, नेपाली जनसम्पर्क समिति,अमेरिकाको यो आव्हानमा हैंसे गर्दै समितिको आसन्न अधिवेशन र पार्टीको क्रियाशील सदस्यता नवीकरण एवं वितरण कार्यका लागि सामुहिक रुपमा एक भएर सक्रिय हौं। समितिको अधिवेशन सम्पन्न गर्ने विषयलाई विवादित बनाउने कुनै काम नगरौं। हामीले अबको बढीमा दुई महिनाभित्र अधिवेशन सम्बन्धी सबै प्रक्रिया पुरा गरेर नयाँ नेतृत्व चयन गर्नुपर्नेछ।

म केन्द्रीय कार्यसमितिका साथीहरु, समितिका स्थानीय च्याप्टर तहका पदाधिकारी तथा सदस्यहरु, समितिका शुभेच्छुक साथीहरु सबैलाई समितिको अधिवेशन सम्पन्न गर्ने बारे कुनै पनि भ्रममा नपर्नु हुन अनुरोध गर्दछु ।

जय नेपाल ।

**आनन्द विष्ट**
अध्यक्ष,नेजस अमेरिका
एवं आमन्त्रित केन्द्रीय सदस्य,नेपाली कांग्रेस